# नीति तथा कार्यक्रमहरु

## क) आर्थिक विकासः

### क.१ कृषि

यस गा.पा.मा कृषि क्षेत्र मार्फत गाउँको समृद्धिका सम्भावनाहरु प्रर्याप्त भएको हुँदा यस सम्बन्धमा निम्न अनुसारको नीति तथा अबलम्बन गर्ने प्रस्ताव गरेको छु।

१. कृषि क्षेत्रको व्यवसायीकरण माध्यमबाट कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा, आत्मनिर्भता र निर्यात गर्न सक्ने अवस्थामा पुऱ्याउनु पर्ने प्राविधिक सेवा तथा उत्पादन सामाग्रीहरुको उपलब्धता सुनिश्चित गरिनेछ।

२. कृषिमा एक गाउँ एक उत्पादन कार्यक्रमलाई प्रोत्साहन हुने किसिमका कार्यक्रम संचालनमा जोड दिइनेछ र कृषि स्मार्ट गाउँ विकसित गरिदै लगिनेछ।

३. कृषिमा युवा विशेष कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउदै लगिनेछ र आयआर्जन, पोषण तथा खाद्य सुरक्षाको लागि महिला, युवा तथा विपन्न वर्ग विशेषलाई गरिबी निवारण तथा सुरक्षा कार्यक्रम संचालन गरिनेछ।

४. कृषि पेशलाई सम्मानजनक पेशाका रुपमा विकास गर्न र कृषकहरुलाई सामाजिक सम्मान प्रदान गर्ने व्यवस्थाका लागि उत्कृष्ट कृषकहरुलाई पुस्कारको व्यवस्था गरिनेछ।

५. सिंचितको व्यवस्था गरिनेछ र सिंचाई पुगेका क्षेत्रहरुमा सघन बाली विकास कार्यक्रम संचालन गरिनेछ।

६. कृषि बाली, पशुबस्तु तथा क्षेत्र विशेष मूल्य श्रृंखला विकास गर्दै कृषकलाई बजारको सुनिश्चिता गराउने उद्देश्यका साथ बजार पूर्वाधार विकास आयोजना संचालन गरिनेछ।

७. कृषि र पशुपालन  क्षेत्रमा विभिन्न प्राकृतिक विपद बाट हुनेसक्ने  क्षतिको न्यूनसकरण, उद्धार तथा राहातका कार्यक्रम संचालन गरिनेछ। कृषि तथा पशुपन्छी बीमा कार्यक्रममा कृषकको पहुंच वृद्धि गर्न सहजीकरण गरी संरक्षित कृषिको नीति अवलम्बन गरिनेछ।

८. कृषि क्षेत्रलाई प्राथमिकता दिई लगानीमैत्री वातावरण सृजना गरी जनतालाई आत्मानिर्भर बनाउने तर्फ विशेष जोड दिइने छ। स्वारोजगार र उद्यमशिलता अभिवृद्धि गरी गैडहवा वासीको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभुति गराउने खालका कार्यक्रमहरु क्रमशः कार्यान्वयन गर्न कृषि क्षेत्रमा दिंदै आएको विभिन्न अनुदानलाई निरन्तरता दिईनेछ।

९. चैते धान खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

१०. स्थानीय कृषकहरुसँग जोडीएका रैथाने विउविजन, ज्ञान, शिप र प्रविधिलाई संरक्षण गर्दै गाउँपालिकालाई आधुनिक कृषि प्रणाली एवं व्यवसायीकरणमा साथै अर्गानिक खेती प्रणालीमा जोड दिइने छ।

११. शित भण्डारलाई यो आ.व. देखि सुरुवात गरी फलफुल तथा तरकारी बजारको व्यवस्थापन गरिनेछ।

१२. कोरोना माहामारीले गाउँपालिकामा कृषि उत्पादन र बिक्री वितरणमा असर परेकाले सम्पूर्ण कृषि उत्पादन, तेलहन, खाद्यान्न, दलहन, तरकारी आदी लगायतमा अनुदान दिईनेछ र सो अनुदानको लागि निर्देशिका बनाई कार्यान्वयन गरिनेछ।

१३. दुध, मासु, अण्डा तथा पशु जन्य उत्पादन वृद्धिमा आधारित कार्यक्रम संचालनलाई विशेष प्राथमिकता दिइने छ।

१४. युवाहरुलाई विदेश पलायन हुनबाट रोक्न युवा लक्षित भैंसी पालन, भेडा बाखा र पालन, कुखुरा पालन, मत्स्य पालन सम्बन्धी तालिमको व्यवस्था, अनुदानको व्यवस्था र जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ।
१५. कृषकहरुको उत्पादनलाई असर पुऱ्याउने विभिन्न प्रकाराका रोग, महामारी, परिजीवि व्यवस्थापन गर्न जनचेतना मुलक कार्यक्रम, शिविर, भेक्सीनेशन तथा उपचारका कार्यक्रमहरु संचालन गरिनेछ।
१६. पशुपालन पद्धतिलाई आधुनिकीकरण र व्यवसाय उन्मुख बनाउन प्रोत्साहित गरिनेछ ।
१७. स्वच्छ मासु उत्पादन, मासु पसलको सरसफाई, गुणस्तरीय अण्डा तथा मासु उपभोक्ता सम्बन्धी जनचेतना बढाइने छ।
१८. कोरोना भाइरसको महामारी सम्बन्धी समस्यालाई ख्याल राखी पशुपन्छी तथा गाईबस्तुसंगको असुरक्षित सम्पर्क सम्बन्धी जन-चेतना मुलक कार्यक्रम, उत्पादन, बजार तथा उपभोक्ता सम्बन्धी जनचेतना बढाइने छ।
१९. फिस सुपर जोन कार्यक्रम अन्तर्गत रहेको मत्स्य पालन पद्धतिलाई थप जोड दिइने छ।
२०. कृत्रिम गर्भाधान, वर्णशंकर पशु उत्पादनमा जोड दिइने तथा पशु शिविरहरु संचालन गरिने छ।

### क.२ उद्योग तथा वाणिज्य

१. पाँच करोड भन्दा बढी लगानीको उद्योग स्थापना गर्ने उद्योगहरुको लागि ५ वर्ष बराबरको गैडहवामा लाग्ने सम्पूर्ण कर छुट दिईनेछ। आन्तरिक आय मजबुद बनाई स्वावलम्बी तथा दिगो गाउँपालिका निर्माण गर्न सबै व्यवसायलाई करको दायरामा ल्याईनेछ।
२. बजारलाई व्यवस्थित र स्वच्छ प्रतिस्पर्धी वनाउन तथा उपभोक्ताहरुलाई ठगीनबाट जोगाउँनको लागि व्यापारीहरुको सहभागीतामा व्यापार आचार संहित लागू गरिनेछ।
३. युवाशक्तिमा रहेको व्यवसायिक प्रतिभाको पहिचान गरी उनीहरुको रुची र क्षमता अनुसार उद्यमी बनाई स्वरोजगार गराउनका लागि उद्यमशिलता तथा सीपमूलक तालिम दिई युवा उद्यमशिल कोष स्थापना र परिचालन गरी आगामी आ.व. मा युवाहरुलाई उद्यमी र व्यवसायी बनाउन जोड दिइनेछ।
४. गाउँपालिका भित्र उद्यम विकासको सम्भाव्यता अध्ययन गरी गाउँपालिका भित्र सम्भावित नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्री वातावरण बनाईनेछ।
५. गैडहवा गाउँपालिकालाई व्यापारिक केन्द्रको रुपमा विकास गरी जनताहरुको आय अर्जन वृद्धि गने र गा.पा.को राजश्व वृद्धि गर्नका लागि सुर्यपुरा बजारमा सुपरमार्केट (मल) निर्माणका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ।
६. लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ र सो को लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
७. लघु उद्यम मार्फत गैडहवा गाउँपालिकालाई व्यवसायिमुखी बनाउने र रोजगारी सिर्जना गरिनेछ।
८. गाउँपालिका अन्तर्गत सिप विकास तालिम सुरु हुनु भन्दा अगाडी उद्यमशीलता तालिम माध्यमबाट सुरु भए पछि व्यवसाय गर्न उत्सुकता भएको देखिएको हुनाले उद्यमशिलता तालिमको लागि आवश्यक व्यवस्था गरिनेछ।
९. गाउँपालिका अन्तर्गत लक्ष्य निर्धारण गरि उद्यमी सिर्जना गरिनेछ।

गैडहवा गाउँपालिका
गाउँपालिकाको कार्यालय
कृष्णपुरा रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

क.३ पर्यटन

१. गाउँपालिका क्षेत्रभित्र रहेको गैडहवा ताल, तुल्सीहवा ताल, शहिद पार्क, रामजानकी मन्दिर, सन्तेश्वर घाट, जोगेश्वर महादेव, यसोधारा माताको मन्दिर र वाल उद्यानलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न र त्यसलाई आर्थिक विकासका अवसरहरुसँग जोड्ने गरी निरन्तरता दिईनेछ। लुम्बिनी आउने पर्यटकलाई गैडहवासम्म ल्याउने र उनीहरुको बसाई यस क्षेत्रमा रहने गरी होमस्टे संचालनमा ल्याइनेछ।

२. प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी सुविधा सम्पन्न यशोधरा पार्क निर्माण गरी राष्ट्रिय पर्यटकीय स्थालहरुको रुपमा विकसित गरिनेछ।

३. विभिन्न जातजातिको संस्कृतिक परम्परा झल्काउने कार्यक्रम संचालन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने र पर्यटकीय गन्तव्य स्थलको रुपमा घोषणा गर्न समन्वय गरिनेछ।

४. गैडहवालाई भगवान गौतम बुद्धको जन्मस्थाल लुम्बिनी गेटको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गरिनेछ। संघीय तथा प्रदेश सरकारको समन्वयमा गैडहवा तालको संरक्षण, सम्बर्द्धन, सौन्दर्यकरण र प्रचार प्रसार गरी पर्यटकीय स्थलको रुपमा विकसित गरिदै लगिने छ।

५. यस गाउँपालिकाको नामसँग जोडिएको गैडहवाताललाई संरक्षण गर्दै आसपासका बस्तीहरुमा होमस्टे संचालन गरिनेछ। तालको डकुमेन्ट्री निर्माण फोटो प्रर्दशनी र तालको प्रचारप्रसार गर्ने कार्यक्रम संचालन गर्ने तथा गैडहवा ताल संरक्षण विकास समिति गठन गरिने छ ।

६. गैडहवा तालको पुर्ननिर्माण गरी पर्यटकीय गन्तव्य बनाउन राष्टपति चुरे तराई मधेस संरक्षण विकास समितिसँग समन्वय गरी निर्माण प्रक्रिया अगाडी बढाईने छ।

क.४ सहकारी

१. सहकारीलाई गैडहवाको आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गरिनेछ। साना र उत्पादकमुलक सहकारीलाई गैडहवा गाउँपालिकाको योजना कार्यान्वियनमा आवद्ध गरिनेछ।

२. सहकारी शिक्षालाई प्रथामीकताका साथ जोड दिदै थप सहकारी संस्था विस्तार गरिनेछ।

क.५ वित्तिय क्षेत्रहरु (राजश्व परिचालन)

१. राजश्वको दायरा वृद्धि गर्ने, राजश्व संकलन प्रक्रियालाई सरलीकरण गर्ने, करदाता शिक्षा प्रदान गर्ने, कर तिर्ने, अभिप्रेरित गर्ने, प्रत्येक वडामा राजश्व संकलन र राजश्वको क्षेत्र पहिचान गर्ने अभियान संचालन गरिनेछ।

२. करका दायरमा सूचिकृत हुने करदाताहरुको अभिलेखलाई कम्प्यूटराईज गरी अद्यावधिक गरिनेछ। गाउँपालिकाले प्रवाह गर्ने सेवा सुविधालाई करसंग आबद्ध गरी गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्ने रणनीति अवलम्वन गरिनेछ।

३. राजश्व परामर्श समितिले दिइएको सुझावलाई आधारमानी अन्य कर दस्तुर, शुल्क आदी निर्धारण गरी गाउँपालिकाको आयश्रोतलाई दिगो बनाइनेछ।

४. आगामी आ.व. देखि वैज्ञानिक एकिकृत सम्पत्ति कर लाई लागु गर्दै जाने नीति लिइनेछ।

५. यस गाउँपालिकाका नदी तथा खोलाको घाटमा प्रारम्भिक वातावरण परिक्षण(IEE) गरिनेछ।

६. जुन वडामा नदीजन्य निर्माण सामाग्रको राजश्व उठेको छ, सो राजश्वको ३०% रकम त्यही वडामा रहने गरी गा.पा. को निर्णय र समन्वयमा सम्बन्धित वडको विकास निर्माण र श्रोत संरक्षण गर्न खर्च गरिनेछ।

७. आर्थिक सहायता, विपद व्यवस्थापन, औषधीउपचार, विपन्न प्रमाणीत, विद्यार्थी छात्रवृति र योजना सम्बन्धी सम्पूर्ण सिफारिस बाहेकका वडा तथा गाउँपालिकाबाट प्रदान गरिने जुनसुकै सिफारिस तोकिए बमोजिम सिफारिस दस्तुर लाग्नेछ। सेवा लिदा त्यस्तो दस्तुर तिरेको नगदी रसीद सिफारिस साथ अनिवार्य संलग्न गर्नुपर्ने छ।

**क.६. रोजगार सेवा**

१. गरिबी न्यूनिकरण तथा रोजगारी अवसरमा बृद्धि, कार्यक्रम संचालन गरिने छ ।

२. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि "कामका लागि पारिश्रमिक " मा आधारित सामुदायिक आयोजना संचालन गराइने छ ।

३. दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारीको प्रर्वद्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिइने छ ।

४. संघ र प्रदेशले ल्याएको रोजगार मूलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

५. आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर-सहकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिइने छ ।

६. युवा, महिला तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखि स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ ।

७. श्रम सम्बन्धलाई प्राथमिकता दिई सार्वजनिक पूर्वाधार निर्माण तथा मर्मत, कृषि , व्यवसायिक उद्योग वित्तीय क्षेत्रबाट रोजगारी सृजना गरिने छ ।

८. रोजगार शाखा तथा रोजगार सेवा केन्द्र लाई संचालन तथा व्यवस्थापनमा थप प्रभावकारिता ल्याइने छ ।

९. पालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारलाई कम्तिमा २५० जना श्रमिकलाई संचालित आयोजनामा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिने छ ।

१०."आफ्नो माटो चिनौ ,आफ्नो गाउँ बनाऔं " अभियान संचालन गरि युवाहरुलाई रोजगारीका अवसरहरु पहिचानमा सहजीकरण गरिनेछ ।

११.युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायीक आयोजना संचालनलाई थप शसक्त रुपमा कार्यान्वयन गरिनेछ ।

१२.वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्यमशिलता विकास गराउन सीप विकास तालिम तथा विउपूँजी उपलब्ध गराउने गरि आवश्यक व्यवस्था गरिनेछ ।

१३.पालिकाद्बारा आवह्यान गरिने ठेक्कापट्टामा आवश्यकता र बेरोजगारको सिपको आधारमा सूचिकृत वेरोजगारहरु लाई "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना" ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि,२०७६ अनुसार करार सम्झौता गरि ३०% प्रतिशत लाई रोजगारमा लगाइने छ ।

१४.वैदेशिक रोजगारीमा जान चाहने कामदारहरु लाई पालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्कमा आउन आह्वान गरि आवश्यक परामर्श तथा समन्वय गरिनेछ ।

१५.आयोजनामा खटिएका श्रमिकहरुलाई कार्यस्थलमा जोखिम व्यवस्थानका लागि सुरक्षा सामग्री तथा प्राथमिक उपचारको व्यवस्था गरिने छ ।

१६.महिला, तथा एकल महिला लाई प्राथमिकता दिइने छ ।

१७.आयोजनामा काम गर्दा कार्यस्थलमा आवश्यक निर्माण सामाग्री तथा औजारहरुको व्यवस्था गाँउपालिकाबाट व्यवस्था गरिने छ ।

१८.सूचिकृत बेरोजगार लाई न्यूनतम रोजगारीको प्रत्याभूती गराइने छ ।

१९.सूचिकृत अशक्त, अपाङ्ग बेरोजगार लाई आवश्यक शर्त पुरा गरि निर्वाह भत्ता प्रदान गरिने छ ।

२०.अति विपन्न तथा गरिब र ५१,७०० भन्दा कम वार्षिक आय भएको परिवारलाई प्राथमिकता दिइने छ ।

२१.संघ तथा प्रदेश संग संन्वयन गरि आवश्कताको आधारमा सूचिकृत बेरोजगारहरुलाई स्व-रोजगारको प्रत्याभूति गराउन माग बमोजिमको तालिम प्रदान गरिने छ।

## ख) सामाजिक विकास

### ख.१ शिक्षा

१. गैडहवा गा.पा.मा एउटा छात्रा विद्यालय स्थापना गर्ने तर्फ अध्ययन गरिनेछ।

२. जेहेन्दार, गरीब, दलित र छात्राहरुलाई छात्रवृति एवं प्रोत्साहन स्वरुप शैक्षिक समाग्री प्रदान गरी अध्ययनको बातारण सुनिश्चिता गरिनेछ ।

३. आधारभुत विद्यालयस्तरको गुणस्तरीय शिक्षाको लागि गा.पा. स्तरीय संचालन हुने परीक्षालाई थपमर्यादित बनाउदै लैजाने नीतिलाई निरन्तरता दिइनेछ ।

४. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउने विद्यालयलाई प्रोत्साहनको नीति अगाडि बढाइनेछ ।

५. समुदायको आवश्यकता र शिक्षा प्रति छात्रछात्राको आकर्षक बढ्दै गएको कारण संचालनमा रहेका मा.वि. स्तरका विद्यालयहरुमा थप ११ र १२ कक्षा संचालनमा ल्याईने नीति अवलम्बन जोड गरिनेछ ।

६. माध्यमिक विद्यालयहरुमा प्राविधिकाधाराको शिक्षा संचालनमा जोड दिईनेछ ।

७. विद्यालय स्तरीय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै पठन पाठनलाई गुणस्तरीय एवं समयानुकुल बनाउन शिक्षण संस्थाहरुमा इ.हाजिरी, ईमेल इन्टरनेट सहित इ- पुस्तकालयहरुको विकास गरी सि.सि.टि.क्यामरा जडानमा निरन्तरता दिइनेछ ।

८. गैडहवा गा.पा. भित्रका संस्थागत, सामुदायिक र मदरसाहरुको संयुक्त कार्यक्रमहरु खेलकुद, अतिरिक्त क्रियाकलाप जस्ता कार्यक्रमहरुमा विशेष जोड दिंदै विद्यार्थीको अनुशासित, मर्यादित, समाजिक, मानसिक र संवेगात्मक विकासमा जोड दिइने कार्यक्रम ल्याइनेछ ।

९. विद्यालयस्तरमा रहेका न्यून पारिश्रमिकको रुपमा रही सेवा गर्दै आएका बालविकास सहयोगी र कर्मचारीहरुका लागि विशेष सुविधाको प्याकेजलाई निरन्तरता दिइनेछ ।

१०. शिक्षामा गुणस्तरीय सुधारको लागि प्रत्येक परीक्षामा प्राप्त भएको नतिजा तथा समग्र शैक्षिक उपलब्धी मापन गरी शिक्षक विद्यार्थी र विद्यालयलाई प्रोत्साहन र दण्डको नीति अपनाइनेछ ।

११. विद्यार्थी शिक्षक र कक्षा अनुपातका आधारमा विद्यालय मर्ज गर्ने नीति ल्याइने छ ।

१२. गैडहवा गाउँपालिका भित्र एउटा मात्र उच्च शिक्षा हासिल गराउने सूर्यपुरा बहुमुखी क्याम्पसलाई थप व्यवस्थापन गर्दै लगिनेछ।

१३. शिक्षामा स्थानीय भाषामा पाठ्यक्रम बनाई कार्यान्वयनमा ल्याइनेछ।

१४. तालिम प्राप्त नगरेका, अवसरबाट बञ्चित रहेका शिक्षकहरुलाई क्रमशः शैक्षिक तालिम तथा प्रत्येक विद्यालयका शिक्षकलाई आई.सी.टी. तालिम दिइनेछ ।

१५. पढाइको गुणस्तर सुधारका लागि गा.पा. भित्रका सम्पुर्ण सामुदायिक संस्थागत विद्यालयहरुको वार्षिक परीक्षा समान स्तर अनुसारका विद्यालयहरुका एक अर्का विद्यालयका प्र.अ. हरुले परीक्षा संचालन गर्ने र परीक्षाफल प्रकाशन गर्ने गराउने नीति ल्याइने छ ।

१६. गा.पा. भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई एकरुपता ल्याउन एउटै रंगरोगनको व्यवस्था गरिने छ ।

१७. शिक्षाबाट कुनै पनि बालबालिका वञ्चित नहुनको लागि भर्ना अभियान चलाइने छ ।

१८. कोरोना जस्ता उच्च महामारीको जोखिमबाट बचाउन बालबालिकाहरुको स्वास्थ्यलाई ध्यान दिंदै प्रत्येक विद्यालयहरुमा स्वास्थ्य शिक्षा तालिम संचालन गर्ने नीति ल्याइने छ ।

१९. हरित र शीतल विद्यालय बनाउन विद्यालयहरुमा वृक्षारोपण र विद्युतीकरण कार्यक्रम ल्याउने छ ।

२०. प्रत्येक विद्यालयहरुमा साबुन पानी र सेनेटाइजरको व्यवस्था गर्ने नीति ल्याक्षने छ ।

२१. गा.पा. भित्रका प्राविधियुक्त उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराइने छ ।

२२. गैडहवा गा.पा. भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुको आवश्यकता र अवस्थालाई विचार गर्दै शिक्षामा सुधार र एकरुपताको नीति ल्याई विद्यालयहरुमा नीजि श्रोतका शिक्षक दरबन्दीको समस्या समाधानमा सुनिश्चितत कायम गरिनेछ ।

२३. अभिभावक शिक्षा लागु गर्ने नीति ल्याइने छ ।

२४. यस गा.पा.भित्रका सामुदायिक विद्यालयका शिक्षकहरु विद्यालय समयभित्र कुनै पनि संघ संगठनका कार्यक्रम, गोष्ठी, सेमिनार आदिमा सहभागी भएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२५. यस गा.पा.भित्रका सामुदायिक विद्यालयका शिक्षकहरु विद्यालयभित्र अनिवार्य विद्यालय पोशाकमा प्रवेश गर्नु पर्नेछ ।

२६. अगामी शैक्षिकसत्र २०७८ देखि यस गा.पा. भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुले आ-आफ्नो विद्यार्थीहरुको एउटै किसिमको पोशाक लागु गर्नुपर्नेछ । (आइतवार, सोमवार, विहिवार र शुक्रवार सेतो कमिज र निलो पाइन्ट/स्कर्ट तथा मंगलवार बुधवार अकाशी निलो कमिज र निलो पाइन्ट/स्कर्ट)

२७. यस गा.पा.भित्रका सामुदायिक विद्यालयका शिक्षकहरुले आफ्नो विद्यालयमा विद्यालय समय भन्दा अघि पछि थप कक्षा संचालन गर्न आवश्यक रहेको अवस्थामा अन्य विद्यालयमा गई अध्यापन गर्न चाहेमा गा.पा.को अनुमति लिन अनिवार्य हुनेछ ।

२८. गा.पा.भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई अनिवार्य एकै किसिमको रंगरोगनमा रंगाउन नीति ल्याइनेछ ।

२९. गा.पा.भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई हरित विद्यालयको रुपमा ल्याउने नीति ल्याइनेछ ।

३०. गा.पा.को शैक्षिक योजना बनाउनका लागि विज्ञ समुह तथा समिति बनाइ योजना निर्माणका लागि आवश्यक रकम बाँडफाँड गरिनेछ ।

३१. गा.पा.भित्रका सम्पुर्ण सामुदायिक तथा मदरसामा कार्यरत बालविकास सहयोगी कार्यकर्ता तथा कर्मचारीहरुका लागि नेपाल सरकारको नीति अनुसार पाउने पारिश्रमिक रु. १५००० मा नपुग हुने रकम यस गा.पा.बाट उपलब्ध गराइनेछ ।

३२. गा.पा.भित्रका सामुदायिक विद्यालय तथा मदरसामा एक वटा नमुना बालबिकास कक्षा संचालन गरिनेछ ।

३३. बालबिकासका सहयोगी कार्यकर्ताहरुलाई आधारभुत तलब दिइनेछ ।

३४. गा.पा.भित्रका सामुदायिक विद्यालयको जग्गा जमिन (सम्पत्ति) को व्यवस्थित अभिलेख तयार गर्न छोटो अवधिको तालिम दिइनेछ ।

ख.२. स्वास्थ्य

१. कोभिड १९ रोगको व्यवस्थापनका लागि विशेष कार्यक्रम ल्याइने छ । कोभिड १९ अनुसन्धान तथा केस ट्रेसिङ (CICT) को लागि आवश्यक श्रोतको व्यवस्थापन गरिने छ ।

२. कोभिड १९ रोगको रोकथाम नियन्त्रण तथा उपचारका लागि संघ प्रदेश तथा अन्य संघसंस्था, स्थानीय तहसँग समन्वयात्मक कार्यक्रम संचालन गरिनेछ ।

३. कोरोना महामारीबाट जनताहरुलाई सुरक्षित राख्न यस गैडहवा गा.पा.को सम्पुर्ण नागरिकहरुलाई कोरोना भ्याक्सिन लगाइनेछ।

४. गरिव तथा विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य विमा गरिनेछ।

५. सबै गाउँपालिकावासीलाई आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको व्यवस्था मिलाईनेछ । नभएका स्वास्थ्य संस्थाहरुको भवन निर्माण प्रक्रियालाई निरन्तरता दिइनेछ ।

६. खोप तथा गाउँघर क्लिनिकहरुलाई भौतिक संरचना निर्माण गरी व्यवस्थित गरिने छ ।

७. गर्भवती महिलाले ४ पटक गर्भ जाँच गरेवापत स्वास्थ्य संस्थावाट क्याल्सियम तथा थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

८. स्वास्थ्य उपचार गर्न नसक्ने विरामी, अति विपन्न नागरिक, हिंसा पिडित महिला, कुपोषित वालवालिका लगायत नागरिकलाई राहत स्वरुप प्रदान गर्न आर्थिक सहायता कोष स्थापना गरिनेछ ।

९. आयुर्वेद उपचारलाई व्यवस्थापन गर्न विशेष कार्यक्रम ल्याइने छ । नसर्ने रोग व्यवस्थापनका लागि आयुर्वेद सेवालाई वडा स्तरमा विस्तार गरिनेछ ।

१०. जडीबुटी संरक्षण, सम्बर्द्धन तथा विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी आय आर्जनसँग जोडिंदै योग, होमियोप्याथिक तथा अन्य वैकल्पिक चिकित्सा पद्धतिहरुको विकास, विस्तार तथा नियमनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

११. जनस्वास्थ्य तथा आयुर्वेद जनशक्तिको क्षमता विकासमा लागि प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि कार्यक्रम ल्याइने छ ।

१२. गैडहवा गाउँपालिका भित्रका परम्परा देखि रहेका परम्परागत चिकित्सा विधि तथा आयुर्वेद सेवा कार्यक्रमको प्रभावकारिता सम्बन्धी खोजमूलक अध्ययन गरिने छ ।

१३. सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई अपाङ्ग, किशोर, किशोरी मैत्री बनाईने छ ।

१४. गाउँपालिका पूर्ण खोपयुक्त भैसकेको हुँदा यसलाई दिगो र निरन्तरता दिन वजेटको व्यवस्था गरिने छ ।

१५. वर्षमा १ पटक संघ तथ प्रदेश स्वास्थ्य निकायसँग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर संचालन गरिने छ ।

१६. एच.आई.भी. पीडितहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरिने छ ।

१७. आकस्मिक प्रसूति सेवालाई व्यवस्थित तथा थप जिम्मेवारी बनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेषण गर्नु परेमा गरीब तथा विपन्नको लागि लाग्ने एम्बुलेन्स खर्च व्यहोर्ने सम्बन्धित संस्थामा सहयोग कोषको स्थापना गरिने छ ।

१८. गाउँपालिकाको सबै वडाहरुमा कमैंसँग Zero home delivery घोषणा गरिने छ जसको लागि कार्यक्रम ल्याइने छ ।

१९. महामारीको पूर्वतयारी तथा व्यवस्थापनको लागि RRT लाई तयारी अवस्थामा राख्नुको साथै उक्त कार्यलाई प्रभावकारी बनाउन औषधी तथा स्वास्थ्य सम्बन्धित सामाग्रीहरु तयारी हालतमा राखिने छ ।

२०. रोग वल्झि आएका क्षयरोगका विरामीलाई पोषण भत्ताको व्यवस्था गरिनेछ ।

२१. गैडहवा गा.पा. भित्र ८२ जना महिला स्वास्थ्य स्यंम सेविकाहरुलाई मासिक रु.१००० का दरले यातायात खर्च प्रदान र ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका महिला स्वास्थ्य स्यंम सेविकाहरुलाई स-सम्मान विदाई हुने व्यवस्था मिलाईने छ ।

२२. पन्ध्र सैयाको अस्पताल निर्माण कार्य अगाडी बढाइने छ ।

२३. स्वास्थ्य सूचना प्रणालीको चुस्तताको लागि DHIS सशक्त बनाईने छ ।

२४. जेष्ठ नागरिकलाई निशुल्क रुपमा आयुर्वेद उपचार र स्तनपान आमाहरुलाई दुग्धवर्धक आयुर्वेद औषधी वितरण कार्यक्रमलाई सबै स्वास्थ्य संस्था मार्फत वितरण गर्ने व्यवस्था मिलाईने छ ।

२५. लोन्डिहवा तथा अहिन्डिहवामा आयुर्वेद क्लिनिकलाई निरन्तरता दिइने छ ।

२६. सिकलसेल एनिमिया तथा थालासेमिया रोग सम्बन्धी उपचार तथा सामाजिक व्यवस्थापकीय कार्यक्रम चलाइने छ ।

२७. ८० वर्ष उमेर पुगेका वृद्धहरुको लागि घरदैलोमा स्वास्थ्य उपचार सेवा कार्यक्रम संचालन गरिनेछ ।

२८. क्षयरोग तथा कुष्ठरोग व्यवस्थापनका लागि उपचारात्मक साथै सामाजिक व्यवस्थापनलाई सँगसँगै अगाडी लगिने छ ।

२९. स्वास्थ्य सेवा अन्तर्गतका कार्यक्रमहरुको प्रभाव विश्लेषणका लागि खोज अनुसन्धान कार्य गरिने छ ।

३०. सरुवा तथा मौसमी रोग (डेङ्गु औंला) लगायतको व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

**ख.३ खानेपानी तथा सरसफाई**

१. शौचालय बनाएपनि सोको उचित प्रयोग नगरि खुल्ला शौच गरेको भेटिएमा दण्डको व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ।

२. गाउँपालिका खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भईसकेको अवस्था रहेको हुदा यसलाई दिगो र निरन्तरता दिन विशेष पहल गरिनेछ।

३. लामखुट्टेको प्रकोपबाट रोगको महामारी फैलनसक्ने अवस्थालाई रोक्न नियन्त्रणका कार्यक्रम संचालन गरिनेछ।

४. सबैका लागि स्वच्छ खानेपानी भन्ने नाराका साथ सुविधा नपुगेका स्थानहरुमा खानेपानीका लागि स्यालो तथा डिप-ट्युवेल एवंम ओभरहेड ट्याङक निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ संचालन गरिनेछ।
५. खानेपानीको मुलहरुलाई संरक्षण गरी सबै गाउँपालिका बसीलाई स्वच्छ खानेपानीको प्रत्याभुति गरिनेछ। सबै स्वस्थ्य संस्था र वडा कार्यलयहरुमा खानेपानी प्रशोधन प्रणाली जडान गरिनेछ।
६. सबै वडाका उदीयमान बजारहरुमा सरसफाईका लागि डस्टविन वितरण गरिनेछ र स्थानीय युवाको सक्रियतामा एक सरसफाई समिति गठन गरिनेछ।

### ख.४ संस्कृति प्रर्वद्धन

१. स्थानीय भाषा/भाषीकाहरुलाई लोप हुनबाट बचाउन प्रस्तावमा आधारित कार्यक्रम संचालत गर्ने र सांस्कृतिक कार्यक्रम संचालन गर्दा सांस्कृतिक पहिचानलाई अनिवार्य शर्तको रुपमा अवलम्वन गरिनेछ।
२. गाउँपालिका भित्रका सबै जातजाति, भाषा, धर्म,उनीहरुको मौलिक संस्कृति र परम्पराको संरक्षण गर्न गाउँपालिकाले अलग्गै नीति बनाई लागु गर्नेछ।
३. जाति र स्थान विशेषका धार्मीक संस्कृतीको संरक्षण संम्वर्धन गर्नको लागि प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

### ख.५. खेलकुद तथा मनोरञ्जन

१. प्रदेश सरकारको साझेदारीमा गाउँपालिका भित्र एउटा रंङ्गशाला निर्माणको लागि यथोचित प्रवन्ध मिलाईनेछ।
२. गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगितामा संचालन गरिनेछ। अर्धवार्षिक रुपमा विद्यालय स्तरीय खेलकुद प्रतियोगिता संचालन गरिनेछ। राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने टिमलाई आर्थिक सहायता प्रदान गरिनेछ।
३. खेलकुदमा युवा वर्गको सहभागीता अभिवृद्धि गर्ने स्थानीय संघ संस्था समेतको सहभागिता प्रदान गरिनेछ। विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गर्न प्रोत्साहन गरिनेछ। निजी सामुदायिक र संघ संस्थाहरुको सहकार्यमा जिल्ला, क्षेत्र तथा पालिका स्तीरय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ। निजी सामुदायिक र संघ संस्थाहरुलाई राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताम भाग लिन प्रोत्साहित गरिनेछ।
४. गाउँभित्र क्लबहरुको क्षमता अभिवृद्धि, खेलकुद प्रवर्धन लगायतका क्रियाकलाप संचालन गर्न बजेट व्यवस्था गरिनेछ।

### ख.६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. बेटी बचाउ, बेट पढाउ अभियान अन्तर्गत गर्वमा छोरी पहिचान गरी गर्व पतन गराउने गराउने परिपाटीको अन्त्य गर्ने र बालबिवाहलाई निरुत्साहित गर्दै छोरी प्रति हेर्ने दृष्टिकोण परिवर्तन गर्न जन्मेका बालिकाको बिस वर्षे वालिका विमाको व्यवस्थालाई निरन्तरता दिइनेछ।
२. मुस्लिम तथा पिछडिएको वर्गको आय आर्जन, सीप विकास जस्ता प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरु उनीहरुकै सहभागितामा संचालन गरिनेछ।

३. महिला हिंसा, लैङ्गिक विभेद, बालश्रम, बालबिवाह, अनमेल विवाह जस्ता सामाजिक समस्याहरुलाई न्यूनिकरण गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार बनाई प्रत्येक टोलमा महिला समुह गठन र परिचालन गर्ने नीति लिइनेछ।

४. सामाजिक विकृतीको रुपमा रहेको छुवाछुत, जातिय विभेद, दाईजो प्रथा मुक्त सामाजको निर्माण गरिनेछ।

५. महिलाहरुको आय आर्जनमा सुनिश्चित गर्ने सिप मुलक र रोजगारी मुलक कार्यक्रमहरु संचालन गरी उनीहरुको आयमा पहुच र नियन्त्रण पुग्ने नीति लिइनेछ।

६. गाउँपालिकाको समग्र विकासका लागि सामाजिक, आर्थिक तथा वैयक्तिक विकासको आधारको रुपमा टोल विकास संस्थाहरुलाई संस्थागत गरी परिचालन गरिनेछ।

७. वेदर्ता जग्गामा बसोबास गर्ने अव्यवस्थित बसोबासीहरुको लगत तथा तथ्याकं संकलन गरी समस्या समाधान गर्ने नीति ल्याईनेछ।

८. सिमान्कृत विपन्न तथा अति गरिबहरुका लागि आय आर्जन सम्बन्धी सीपमूलक कार्यक्रम संचालन गरिनेछ।

९. घाट तथा सवदाह स्थललाई सुविधा युक्त बनाइनेछ।

१०. महिला, दलित, आदिवासी/जनजाती, थारु मुस्लिम, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति लगायत पिछडिएको वर्ग र समुदायको सशक्तिकरणका कार्यक्रमलाई अझ प्रभावकारी रुपले संचालन गरिनेछ। आर्थिक, सामाजिक र प्रशासनिक क्षेत्रमा यी वर्गको पहुचमा अभिवृद्धि गरिनेछ।

११. जेष्ठ नागरिकहरुको आधारभुत अधिकारको संरक्षण गर्दै उनीहरुका लागि सम्मानजनक एवं सन्तुष्टि पूर्वक जीवन यापनको लागि आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने तर्फ जोड दिइनेछ।

१२. महिला विरुद्ध हुने सबै किसिमका हिंसा, विभेद र वहिष्करण अन्त्यका लागि लैङ्गिक समानता तथा महिला सशक्तिकरण सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ।

१३. अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मानिर्भर र स्वाभिमान बनाउनका लागि समान अवसर तथा सेवा सुविधामा पंहुच बढाउन उनीहरुलाई सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४. बालबालिका माथि हुने शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहार न्यूनिकरण गर्ने नीति लिइनेछ साथै बालक्लब गठन संचालन तथा नियमन गर्ने नीति लिइनेछ।

१५. कडा रोग लागेर उपचार गर्न नसक्ने अति गरिब र विपन्न बिरामीहरु, विपन्न नागरिकहरु, हिंसा पडितहरु, कुपोषित बालबालिकाहरुको लागि सामान न्याय र अवसर दिलाउने गाउँपालिका स्तरिय सामाजिक सहायता, आपतकालिन तथा विपन्न सहयोग कार्यक्रम कोष खडा गरी सो कोष मार्फत आर्थिक सहयोग गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१६. सुकुम्बासी समस्या समाधानका लागि संघीय तथा प्रदेश सरकारले लिएको नीतिलाई गाउँपालिकाले सहयोग र समन्वय गरी सुकुम्बासी समस्या समाधान गर्ने नीति लिईनेछ। र सो को नीति बनाई व्यवस्थापन समेत गरिनेछ।

१७. गैडहवा गाउँपालिकाका घरवास जग्गालाई नापी नक्सा गराई लालपुर्जा वितरण गर्ने नीति लिईनेछ।

**ग) पूर्वाधार विकास**

**ग.१. स्थानीय सडक, पुल पुलेसा**

१. गाउँपालिका क्षेत्रका हालभैरहेका मुख्य सडकहरुको स्तरोन्नती गर्ने र क्रमशः कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिई सडक गुरुयोजना समेत तयार गरी लागु गरिनेछ।

२. सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा टहरा बनाउने कार्यलाई निरुत्साहित गर्दै त्यस्ता कार्य भएमा गरेमा कानुनी सजायको दायरामा ल्याइने नीति लिइनेछ।

३. स्वीकृत योजनाहरुको कार्य सञ्चालन गर्दा गाउँपालिकाका प्राविधिकहरुको पूर्व निगरानीमा कार्य गर्ने शर्त सहित उपभोक्ता समितिसंग सम्झौता गरिनेछ। योजनाको अनुगमन तथा प्राविधिक प्रतिवेदनको आधारमा भुक्तानीको व्यवस्था गरिनेछ। उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्ने सम्बन्धीमा अभिमुखिकरण कार्य संचालन गरिनेछ।

४. गैडहवा गाउँपालिकाको प्रत्येक वडा अन्तर्गत मुख्य सडक कालोपत्रे गरिनेछ। गाउँपालिका भरका मुख्य-मुख्य सडकको अधिकार क्षेत्र कायम गरिनेछ र गाउँ भित्रको बाटोलाई पि.सि.सि. र आर.सी.सी. तथा बाहिरी बाटोलाई कालोपत्रे गर्दै लगिनेछ।

५. गाउँपालिकाबाट संचालन गरिने पुर्वाधार विकासको काममा दिगोपना र प्रभावकारीताका लागि गुणस्तर सुनिश्चित कार्य योजना बमोजिम प्रदेश सरकारको सहयोगमा प्रयोगशाला परीक्षणलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ।

६. गाउँपालिका भित्रका सडकहरु नियमित रुपमा मर्मत गर्नका लागि आवश्यक समपुरक कोष तथा मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ । संघ र प्रदेशसंग सहकार्य गरी विकासको लागि समपूरक कोषको व्यवस्था गरिनेछ।

७. यस गैडहवा गाउँपालिका भित्र वाड नं.१ देखि वडा नं.९ सम्मको गैडहवा चक्रपथ निर्माणको लागि डि.पी.आर. तयार गुरुयोजना निर्माण गरिनेछ।

### ग.२. सिंचाई

१. व्यवस्थित तथा व्यसायिक कृषि प्रणालीका लागि सिंचाईलाई प्राथमिकता दिइनेछ। व्यवसायिक कृषि कार्य गर्दै आएका किसानहरुलाई डिपट्युवेल जडान गर्न लागत साझेदारीमा अनुदान दिइनेछ।

२. कञ्चन नदी सिंचाई परियोजनाको लागि आवश्यक व्यवस्था गरिनेछ।

३. भै.लु.भु.ज. तथा अन्य सिंचाईमा दिइएको अनुदानलाई निरन्तरता दिइनेछ।

### ग.३. भवन तथा सहरी विकास

१. एकीकृत बस्ती विकास योजनाका लागि अध्ययन प्रारम्भ गरिनेछ । भवन संहिता पालनाका लागि गैडहवा इन्टिग्रेटेड बिल्डिङ्ग कोड सिस्टम निर्माण र कार्यान्वयन गरिनेछ । प्रत्येक नयाँ घर बनाउँदा दुई वटा बिरुवा अनिवार्य रुपमा रोपेर मात्र कार्य सम्पन्न प्रमाण प्रदान गरिनेछ।

२. आगामी आ.व.को शुरु देखि घर जग्गा नक्सा पासलाई अनिवार्य गरि भुकम्पीय जोखिमलाई न्युनिकरण गर्दै व्यवस्थित योजनाबद्ध बजारीकरणको शुरुवात गरिनेछ ।

३. स्थानीय तहमा कार्यरत प्राविधिकहरुबाट घरको डिजाइन एवं ड्रईङ्ग (नक्सा) गर्न नपाउने हुँदा प्राईभेट कन्सल्टेन्सीहरु एवं प्राविधिकहरुलाई यस गाउँपालिकामा आफ्नो सेवा विस्तारको लागि प्रोत्साहन गरिने नीति लिइनेछ ।

४. सुर्यपुराबजार, शान्तिबजार, मैनहियाबजार, मंगलपुर, कञ्चनपुर, गुलारिया, लोन्डिहवा, जोगडा र साडीलाई व्यवस्थित बजारको रुपमा विकसित गरिनेछ ।

५. बजारहरुमा नाली निर्माण तथा सरसफाई प्रक्रिया अघि बढाइनेछ र सुर्यपुरा बजारलाई शहरको मापदण्ड अनुरुप विस्तार गर्दै लगिनेछ ।

### ग.४. ऊर्जा, लघु तथा साना जलविद्युत

१. स्वास्थ्य संस्था तथा सबै सहकारी निकायमा सोलर सिस्टम जडान गर्ने नीति लिनेछ।

२. गाउँपालिका क्षेत्र भित्रको वैकल्पिक ऊर्जाको सम्भाव्यता अध्ययन गरिनेछ।

३. मुख्य मुख्य बजार क्षेत्रहरुमा सडक सेन्सर विद्युतबत्ती जडान कार्यलाई निरन्तरता दिदैं विद्युत नपुगेका क्षेत्रमा क्रमशः विद्युतीकरण गरिनेछ।

### ग.५. सूचना, प्रविधि तथा सञ्चार

१. कार्यालयको सोधपुछ कक्षलाई व्यवस्थित गर्ने एवं फोन, इमेल र एस.एम.एस. बाट सेवा उपलब्ध गराई सेवाग्राहीहरुलाई कार्यालयमा आउनु पर्ने बाध्यतालाई कम गर्ने व्यवस्था मिलाउनेछ।

२. कार्यालयबाट प्रवाह गरिने सेवालाई सामाजिक दुरी कायम राख्ने गरी प्रवाह गर्ने व्यवस्था मिलाउने र आवश्यकता अनुसार टोकन प्रणालीको समेत प्रयोग गरिनेछ।

३. गाउँपालिकाको सूचना र जानकारीहरुको लागि गाउँपालिकाको वेवसाइटलाई निरन्तर सक्रिय राख्दै आई.ओ.एस.(IOS) मोबाईल एपको समेत व्यवस्था मिलाउने र सर्भर प्याक, प्रशासनीक लगायतका सफ्टवेयर, अफिस अटोमेसन सफ्टवेयर र सबै वडा कार्यालयहरुमा CCTV केमरा जडान तथा आइ.पी टेलीफोनको व्यवस्था मिलाइनेछ।

४. रेडियो तथा पत्रपत्रिकासँग समन्वय गरी गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा, विविध जानकारीहरु, सूचना तथा शिक्षा मुलक सन्देश प्रवाह गरिनेछ।

५. गाउँपालिकाबाट हुने क्रियाकलापहरुको सार्वजनिकिकरण गर्नको लागि संचारका माध्यबाट आम नागरिकलाई जानकारी गराउने नीति अवलम्वन गरिनेछ।

६. सकारात्मक रुपमा गाउँपालिकाका सूचना प्रसारण, संचार प्रवाह गरी सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्ने मिडियाकर्मीहरुलाई प्रोत्साहन गरिनेछ।

## घ. वातावरण तथा विपद व्यवस्थापन

### घ.१. वन तथा भू-संरक्षण

१.गाउँपालिकाका क्षेत्रका सार्वजनिक तथा सामुदायिक वनमा रहेका वनजन्य स्रोतहरु तथा वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गरिनेछ।

२. वडा नं ४ स्थित गैडहवा ताल नजिकै रहेको वन संरक्षण गरी जटायु रेष्टुरेन्टको प्रवर्द्धन गरिनेछ।

३.गाउँपालिकामा रहेका नदी उकास जग्गा, सामुदायिक वन, निजीवन तथा सार्वजनिक र खाली जग्गाहरुमा जनसहभागितामा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ।

४. सामुदायिक वनहरुले गर्ने आय आर्जनलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग पुग्ने गरी नीति बनाई लागु गरिनेछ।

५.कञ्चन तथा दानव नदी, नदी उकास जग्गामा वृक्षा रोपण कार्यक्रम संचालन तथा पार्क निर्माण गरी पिकनीक स्पोटको रुपमा विकसित गरिनेछ।

६. गाउँपालिका क्षेत्र भित्र रहेका वनलाई संरक्षण गर्नका लागि सरोकारवालासँग साझेदारी गरिनेछ। भु-संरक्षणका लागि खाली सार्वजनिक जग्गामा वृक्षारोपण गरिनेछ।

७. वातावरण संरक्षण गरी जलवायु परिवर्तनको दुश्प्रभाव न्युनिकरण गर्न प्रत्येक वडा अर्न्तगत खालि जग्गाहरुमा एक हजारका दरले वृक्षारोपण गरिनेछ।

८. गैडहवामा रहेका मुख्य नदीहरुको संरक्षणका लागि तटबन्ध गर्न प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ ।

### घ.२. विपद व्यवस्थापन

१. नदी नियन्त्रण तथा श्रोत संरक्षणका लागि तटवन्ध एवं वातावरण संरक्षण लागि आवश्यक कार्यक्रमहरु क्रमश: संचालन गरिनेछ।

२. स्थानीय विपद व्यवस्थापन अर्न्तगत तयारी तथा प्रतिकार्य योजना निर्माण गरिनेछ र प्रत्येक वडामा खुल्ला क्षेत्र एवं आपतकालिन केन्द्र स्थापनाको लागि सम्भाव्य क्षेत्र पहिचान गर्ने र त्यसलाई कार्यान्वयनमा जोड दिइनेछ।

३. विपदका तिनै चरण समेट्ने गरी एक विपद व्यवस्थापन प्रणाली निर्माण गरिनेछ । ठूला मैदानहरु र सामाजिक सामुदायिक हलहरुलाई विपद आई परेको  खण्डमा वसोवास गर्न मिल्ने किसिमको आश्रय स्थलको रुपमा विकास गरिनेछ। गाउँकार्यपालिकाको कार्यलयमा एक विपद व्यवस्थापन इकाई गठन गरी विपद समन्वय अधिकारी समेत तोकिनेछ। विपदमा उद्दारको लागि आवश्यक सामाग्री खरिद गरी अत्यवाश्यक वस्तुको संग्रह गर्ने कार्य गरिनेछ। प्रत्येक टोलमा युवा, स्वंयसेवक, शिक्षक, वुद्धिजिवी, स्वास्थ्यकर्मी सहितको विपद व्यवस्थपन इकाई गठन गरी गाउँपालिकासँग प्रत्येक्ष सर्म्पकमा राखिनेछ।

४. स्थानीय विपद व्यवस्थापन आकस्मिक कोषलाई निरन्तरता दिइनेछ।

५. गैडहवा गाउँपालिकालाई क्रमश: फुस (खर) को छानो रहित गा.पा. बनाउने गाउँपालिका वस्ती सुधार कार्यक्रम संचालन गरिनेछ। यसको लागि आ.व. ०७८/०७९ मा फुसको छानो भएका अतिविपन्न परिवारको लागि आवश्यक बजेट विनियोजन गरी फुसको छानो हटाई टिनको छानो लगाउने कार्यलाई निरन्तरता दिइनेछ।

६. वर्षायाममा नदीको अधिक जल प्रवाहबाट हुने नदी नजिकका बस्तीहरुको जोखिम न्यूनिकरण गर्न पूर्व चेतावनी प्रणाली जडानका लागि संघ र प्रदेश सरकारसंग समन्वय गरिनेछ। नदी कटानको समस्या न्यूनिकरण गर्न वैज्ञानिक नदी व्यवस्थापन प्रणालीहरुको अवलम्वन गरिनेछ। जोखिम पूर्ण बस्तीहरुको पहिचान गरी विशेष सुरक्षा निगरानिमा राखिन्छ। तटबन्ध र पर्खाल निर्माण गरी जोखिम न्यूनिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

### घ.३. फोहर मैला तथा ढल व्यवस्थापन

१. निषेधित क्षेत्र भित्र फोहोर फाल्ने कार्यलाई निरुत्साहित गर्नुको साथै अटेर गर्नेलाई कारवाहीको दायरामा ल्याइनेछ।

२. गाउँपालिका क्षेत्रमा सरसफाई अभियानको रुपमा संचालन गर्ने, आफ्नो घर टोल क्षेत्र सरसफाई राख्न अभिप्रेरित गर्ने र प्रतिस्पर्धात्मक चेतनामुलक कार्यक्रमहरु संचालन गर्न टोल विकास समिति मार्फत सम्पूर्ण टोल बासीहरु तथा स्थानीय संघ संस्थाहरुलाई परिचालन गरिनेछ। वर्षको एक पटक सरसफाई सप्ताह कार्यक्रमलाई सञ्चालनमा ल्याइनेछ।

३. जसले फोहोर गर्छ, उसैले सफा गर्नु पर्छ भन्ने नीतिलाई अवलम्वन गरिनेछ।

४. ढल व्यवस्थापन कार्यलाई सहज बनाउन प्रत्येक नयाँ सडकको दायाँ बायाँ नाली निर्माणलाई अनिवार्य गरिनेछ। सडक कालोपत्रे तथा स्तरोन्नती कार्यमा समेत नाली निर्माणलाई समावेश गरिनेछ। फोहोर मैला व्यवस्थापन कार्यका लागि ल्याण्ड फिल साइड (Land Fill Site) को खोजि तथा अध्ययन गरी डि.पि.आर. तयार गरिनेछ।

५. फोहोरमैला व्यवस्थापन गर्न गैडहवा गाउँपालिकाले अन्तरपालिका स्थानीय तहसँग साझेदारी गर्ने नीति लिइनेछ ।

**ङ. संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन**

**ङ.१. सुशासन प्रवर्द्धन**

१. गाउँपालिकामा सेवा प्रवाहको समग्र पक्रिया सहितको नागरिक वडापत्र पुस्तिका प्रकाशन गरी सबै नागरिकहरको हातहातमा वितरण गरिनेछ। सेवा प्रवाहका सन्दर्भ प्राप्त हुन आएका सुझाव सल्लाह एवं गुनासो र उजुरी सुनुवाईको व्यवस्था तथा सेवा प्रवाहको जानकारी गराउन सूचना अधिकारीको व्यवस्था गरी थप प्रभावकारी बनाइनेछ।

२. कर्मचारीहरुलाई कार्य सम्पादन मुल्याङ्कन मापदण्ड तयार गरी २०७६ साल अनुसारको स्थानीय भत्ता/ प्रोत्साहान भत्ताको व्यवस्था र स्वास्थ्यकार्मीहरुलाई जोखिम भत्ता तथा प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

३. जनप्रतिनिधि र कर्मचारीकरुको क्षमता विकास गरी सेवा प्रभावलाई गुणस्तरिय जनमैत्री बनाइनेछ र जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासको लागि उचित तालिम प्रदान गरिनेछ।

४. सुशासनको आधारभुत पक्षहरु उत्तरदायित्व, जवादेहित, पारदर्शिता, जनसहभागितालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूती दिलाईनेछ।

५. राज्यको चौथो अंग मानिएको पत्रकारिता क्षेत्रको विकासमा विशेष ध्यान दिइनेछ। गाउँपालिकाको समग्र विकास र गतिविधिको बारेमा स्थानीय छाप माध्यम तथा स्थानीय एफ.एम. हरुबाट जानकारी गराई परदर्शिता अभिवृद्धि गरिनेछ।

६. कर्मचारी र जनप्रतिनिधिले अबलम्वन गर्ने आचार संहित तयार गरी लागु गरिनेछ।

७. सेवा प्रवाहलाई व्यवस्थित बनाउन गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

८. गाउँपालिका भित्र रहेका एवं यस गैडहवा गा.पा. भित्र कार्यत्रम संचालन गर्ने गरै सरकारी संस्थाहरुले गाउँसभा हुनुपुर्व आफ्नो बजेट तथा कार्यक्रम गाउँसभामा पेश गर्नु पर्ने र कार्यक्रम संचालन गर्नु पुर्व यस गाउँपालिकाको अनिवार्य सहमती लिनुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्ने नीति लिइनेछ।

९. स्थानीय तहबाट प्रदान गर्ने सेवाको गुणस्तर सुधार गर्दै सेवा प्रक्रियालाई सरलीकृत गर्ने र सेवामा जनताको पहुँच अभिबृद्धि गर्ने नीति लिइनेछ।

१०. सार्वजनिक परिक्षण, सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्दै लगिनेछ।

११. संगठात्मक सुशासन एवं कार्य संचालनलाई व्यवस्थित गर्न विद्युतीय हाजिरीलाई निरन्तरता दिँदै कार्यालयहरुलाई प्रविधि मैत्री बनाउन जोड दिइनेछ।

१२.योजना तथा कार्यक्रमहरुको भुक्तानी दिनुभन्दा पहिले जाँनपास तथा फरफारक समिति बनाई जाँचपास तथा फरफारक गर्ने परिपाटी बसालिनेछ।

१३. अस्थायी र करारमा निरन्तर काम गर्दै आएका कर्मचारीहरु कार्य सम्पादन मुल्यांकनको आधारमा गाउँपालिकाले तोकेको तलब भत्ता खाने गरी स्थानीय रुपमा स्थायी गर्दै लगिनेछ, जसको लागि कार्यविधि निर्माण गरिनेछ।

१४. स्थानीय सरकार तथा प्रदेश तथा संघीय सरकारको स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सार्वजनीक गरी वार्षिक योजना तथा कार्यक्रम कार्यन्वयन प्रक्रियाको सुरुवात गरिनेछ।

१५. यस गा.पा.मा रहेका कुनै पनि सेवाका जुनसुकै पदमा ६० वर्ष पुगेका जो कोही कर्मचारीहरुलाई अवकास दिई अर्को व्यवस्था गरिनेछ।

### ङ.२. कानुन र न्याय

१. असहाय र अन्यायमा परेकाहरुलाई निशुल्क कानुनी पारमर्श दिने र न्याय दिलायन सहयोग गरिनेछ।

२. घरदैलोमै न्याय भन्ने मान्यतालाई अंगिकार गरी न्यायिक समितिलाई थप सशक्त र व्यवस्थित बनाइनेछ।

३. गाउँपालिकालाई आवश्यक पर्ने कानुन, नीति नियम, कार्यविधि निर्माण गरिदै लगिनेछ ।

### ङ.३. योजना छनौट तथा कार्यान्वयन

१. योजना छनोट प्रक्रियालाई बटम अप एप्रोच (Buttom up Approach) नीति अपनाइनेछ।

२. उत्कृट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान कार्यक्रम थालिनेछ।

३. गाउँपालिकामा संचालन हुने योजनाहरु समयमै सम्पन्न गर्नु, गुणस्तरमा वृद्धि गर्न योजना तथा कार्यक्रम कार्यान्वयन समय तालिकामा निर्माण गरी सो अनुसार कार्यान्वयन गरिनेछ।

४. जनप्रतिनिधि सहितको संयुक्त अनुगमन टोल गठन गरी गाउँपालिकाको समग्र विकास योजनाहरुको अनुगमन र मूल्याङ्क कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

### ङ.४. सुरक्षा व्यवस्थापन

१. सूरक्षा निकायसंगको समन्वय र सहकार्य " सुरक्षित गैडहवा " कार्यक्रम अगाडि बढाइनेछ। सामान्य सुरक्षा व्यवस्थापन कार्यका लागि नगरप्रहरी गठन र परिचालन गरिनेछ। लागुपदार्थ, धुम्रपान, मद्यपान र मनोद्धिपक पदार्थ सेवनलाई निरुत्साहित गर्न आवश्यक कार्य अघी बढाइनेछ।

### ङ.५. राष्ट्रिय र अर्न्तराष्ट्रिय सहयोग, सहकार्य, समन्वय र सम्बन्ध विस्तार

१. गाउँपालिकाको समग्र विकासलाई केन्द्रमा राखी राष्ट्रिय र अर्न्तराष्ट्रिय स्तरमा पालिकाहरुसंग भगीनी सम्बन्ध र सरकारी, गैरसरकारी संघ संस्था बीच संस्थागत सम्बन्ध विस्तार गरिनेछ।

२. राष्ट्रिय र अर्न्तराष्ट्रिय सरकारी, गैरसहकारी संघ संस्थाको सहयोग लिने दिने र संस्थागत सम्बन्ध विस्तार गरी आर्थिक तथा प्राविधिक सहयोग लिई सम्बन्ध विस्तार गर्ने नीति लिईनेछ।

३. गाउँपालिकाको पर्यटन, शिक्षा, खेलकुद, स्वास्थ्य, संस्कृति, कृषि लगायत एकिकृत विकासमा अन्य संघ संस्थासंगको सम्बन्धलाई थप संस्थागत गरी समन्वय र सहकार्य गरिनेछ र त्यस्ता संस्थासँग प्राविधिक तथा सांस्कृतिक सहयोग आदान प्रदान गरिनेछ।

धन्यवाद !!

....................................

बछु केवट (बच्चुलाल)

गा.पा. अध्यक्ष

गैडहवा गाउँपालिका विष्णुपुरा, रुपन्देही